सुदूरपश्चिम प्रदेश सरकार

# प्रदेश नीति तथा योजना आयोग

धनगढी, कैलाली

## स्थानीय तहमा आ.व. २०८२/८३ का लागि प्रदेश समपूरक तथा प्रदेश विशेष अनुदान अन्तर्गत सञ्चालन गरिने आयोजना/कार्यक्रमका लागि प्रस्ताव आह्वान सम्बन्धी सूचना

प्रकाशित मितिः २०८१/१२/११

आ. व. २०८२/८३ कालागिप्रदेश समपूरक अनुदान तथाप्रदेश विशेष अनुदान अन्तरगत कार्यान्वयन हुने आयोजना वा कार्यक्रमकोलागि प्रस्ताव सहित विवरण तयार गरी २०८२बैशाख १० गते भित्र प्रदेश नीति तथा योजना आयोगले सञ्चालनमा ल्याएको विद्युतीय प्रणाली मार्फत (www.supa.csgrant.gov.np) यस आयोगमा पेस गर्नुहुन सबै स्थानीय तहको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

प्रस्ताव पेस गर्दा 'सुदूरपश्चिम प्रदेश समपूरक अनुदान सम्बन्धी कार्यविधि, २०८१'तथा 'सुदूरपश्चिमप्रदेश विशेष अनुदान सम्बन्धी कार्यविधि, २०८१' बमोजिम आयोजना तथा कार्यक्रमको तोकिए अनुसारको विवरण सहित सोको आवश्यकता र औचित्य पुष्टि हुनेगरी सम्बन्धित अनुदान अन्तर्गत प्रस्ताव गर्न सकिने प्रमुख क्षेत्र, कार्यक्रम, आधार, बजेट सिमा तथा संख्या बमोजिम पेस गर्न सकिने छ। आयोजना वा कार्यक्रमको प्रस्ताव उल्लेखित कार्यविधिमा तोकिएअनुसार कानूनतः जिम्मेवार प्राप्त पदाधिकारीवाट शर्त पूरा भएको प्रमाणीकरण फाराम भरी प्राथमिकीकरण सहितकार्यपालिकाको निर्णय (उपस्थिति सहित)समेत पेश गर्नु पर्नेछ । आगामी आ.व. २०८२/८३ का लागि यस अघि प्रदेशसमपूरक तथा विषेश अनुदान प्राप्तगरी कार्यान्वयमा गएकातर सम्पन्न हुन बाँकि रहेका क्रमागत आयोजनाहरुलाई पहिलो प्रथामिकता दिई साविककै कार्यविधिको व्यवस्था वमोजिम पेश गर्नु पर्नेछ।

आयोजना तथा कार्यक्रम प्रस्ताव अनलाईन प्रणालीमा प्रविष्ट गर्न सम्बन्धित स्थानीय तहका लागि लगईन गर्ने विवरणहरु( login Credentials) आयोगबाट यस अगाडि नै उपलब्ध गराई सकेकोमा कुनै कारणवश उपलब्ध हुन नसकेको खण्डमा आयोगको ईमेल ठेगाना (pppc.supa@gmail.com)मा आधिकारिक पत्राचार मार्फत पुनः प्राप्त (Reset) गर्न सकिने छ।

आयोजना कार्यक्रम प्रस्ताव सम्बन्धी शर्त, आवश्यक कागजात, सूचना तथा फाईलहरु आयोगको वेबसाईट pppc.sudurpashchim.gov.np मा उपलब्ध छन् । यस सम्बन्धी अद्यावधिक जानकारी आयोगको वेबसाईटमा

क्रमशः प्रकाशित गरिनेछ । अन्य जानकारीका लागि कार्यालय समयमा आयोगको टेलिफोन नं. ०९१-५२०३६९ र ईमेल मार्फत (pppc.supa@gmail.com) मा सम्पर्क गर्न सकिने छ ।

नि. सचिव